# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

**नियमन विभाग**

पत्र संख्याः धि.व.सि.धि.व्य.नि.२०८३/८४ मितिः २०८३/०५/०९

चलानी नम्बरः ४६१

श्री सम्पुर्ण सुचिकृत कम्पनीहरू।

**बिषयः निर्देशन गरिएको सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा धितोपत्र कारोबारलाई सुदृढ, प्रभावकारी तथा विश्वसनीय बनाउन धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरूको कारोबारको नियमन तथा अनुगमन गर्ने, गराउने उद्देश्यको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८४ को उपदफा(१)ले दिएको अधिकार प्रयोग गरी बोर्डबाट देहायको निर्देशन जारी गरिएको छ।

१. नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत भएका कम्पनीहरूको उक्त कम्पनीका कुनै आधारभूत शेयरधनीहरूले आफूले धारण गरेको शेयरको ५ (पाँच) प्रतिशत वा सो भन्दा बढी शेयर बिक्री गर्ने भएमा बिक्री गर्न चाहेको शेयरको बिक्री गर्नु भन्दा पन्ध्र दिन अगावै सम्बन्धित कम्पनीलाई जानकारी गराई सो सूचना(सूचनाको वैधता तीनमहिना अवधि कायम रहनेछ) नेप्से मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने।

२. सूचीकृत संगठित संस्थाहरूलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१क) बमोजिम खरिद बिक्री गर्न गराउन वा हस्तान्त्रण गर्न वा लेनदेन गर्न वा लेनदेन गर्न नसकिने धितोपत्र सम्बन्धमा नियम ३९ को उपनियम (२) बमोजिम केन्द्रिय निक्षेप संस्थामा आवश्यक व्यवस्था गर्न जानकारी दिने ।

भवदीय,

२०८३।५।५

(विनयदेव आचार्य)

कार्यकारी निर्देशक

बोधार्थः

श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड।

श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तिय क्षेत्र व्यवस्थापन महाशाखा।

श्री सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।

श्री व्यवस्थापन तथा कानून विभाग, नेपाल धितोपत्र बोर्ड।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन विभाग

श्री नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।

श्री नेपाल स्टक एक्सचेञ्ज लि., सिंहदरवार प्लाजा, काठमाण्डौ ।

श्री सिडिएससी एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं।

श्री स्टक ब्रोकर एशोशिएसन अफ नेपाल, पुतलीसडक, काठमाडौं।

श्री मर्चेन्ट बैंकर एशोशिएसन अफ नेपाल, नक्साल, काठमाडौं।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल